मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १३२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत १७ गते मंगलबार (Tuesday, 31 March. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## यातायात कार्यालयबाट १५ जना बिचौलिया समातिए

**काठमाडौं, चैत १६।** ललितपुरको एकान्तकुनास्थित यातायात कार्यालय परिसरबाट प्रहरीले १५ जना बिचौलियालाई पक्राउ गरेको छ।

सेवाग्राहीलाई अनावश्यक हैरानी दिने, छिटो काम गराइदिने बहानामा रकम असुल्ने तथा कार्यालयको नियमित सेवामा अवरोध पुऱ्याउने गतिविधिमा संलग्न रहेको आरोपमा उनीहरूलाई नियन्त्रणमा लिइएको हो। जिल्ला प्रहरी परिसर ललितपुर र प्रहरी वृत्त सातदोबाटोको संयुक्त टोलीले विशेष अपरेशन सञ्चालन गर्दै उनीहरूलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# प्रि–मनसुनले चैते धानलाई अनुकूल

**काठमाडौँ, चैत १६।** देशका अधिकांश स्थानमा केही दिनयता निरन्तर रूपमा परेको वर्षाले चैते धान खेतीका लागि अनुकूल वातावरण सिर्जना गरेको छ। रोपाइँको मुख्य समयमा भएको यस वर्षाले उत्पादन वृद्धि हुने अपेक्षा गरिएसँगै किसानहरूमा आशा बढेको छ।

प्रि-मनसुन साधारणतया मध्य फागुनदेखि मध्य जेठसम्मको अवधिलाई मानिन्छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीका अनुसार प्रि-मनसुन अवधिमा भएको वर्षा चैते धानका लागि निकै लाभदायक हुन्छ। यसपटकको वर्षाले रोपाइँको समयमा पर्याप्त चिस्यान उपलब्ध गराएको छ। बीऊ सुक्ने समस्या छैन र खेतमा पानीको अभाव देखिएको छैन- उनले भने।

जोशीका अनुसार मौसमको यस्तो अनुकूलताले उत्पादन र उत्पादकत्व दुवैमा सकारात्मक प्रभाव पार्ने विश्वास लिइएको छ। उनले नेपालमा प्रत्येक वर्ष करिब एक लाख २० हजार हेक्टर क्षेत्रफलमा चैते धान खेती हुने गरेको जानकारी दिए। चैतेधान वार्षिक चार लाखदेखि पाँच लाख मेट्रिकटनसम्म उत्पादन हुने जोशीको भनाइ छ। धान उत्पादनमा चैते धानको योगदान करिब ५ प्रतिशत रहेको मन्त्रालयको तथ्याङ्क छ।

चैते धानको खेती मुख्यतः तराई तथा भित्री मधेशका जिल्लाहरूमा केन्द्रित छ। जोशीका अनुसार झापा, मोरङ, सुनसरी, सप्तरी, पर्सा, बर्दिया, कैलाली लगायत करिब २५ जिल्लामा यसको खेती गरिन्छ। पछिल्लो समय मध्यपहाडी क्षेत्रका फाँटहरूमा समेत यसको विस्तार हुँदै गएको देखिएको छ, जसले उत्पादन क्षेत्र बिस्तारको सङ्केत दिएको छ- उनले भने- उत्पादनका दृष्टिले सकारात्मक संकेत देखिए पनि बजार व्यवस्थापन भने



किसानका लागि चुनौतिपूर्ण बनेको छ। चैते धानको उचित मूल्य नपाएको किसानको गुनासो छ।

जोशीका अनुसार गतवर्ष प्रतिक्वीन्टल रु. तीन हजार ५ सयसम्म बिक्री भएको धान यस वर्ष घटेर करिब दुई हजार ३००मा झरेको छ। मूल्यमा आएको यो गिरावटले किसानलाई लागत उठाउन समेत कठिन भएको मन्त्रालयको भनाइ छ। जोशीका अनुसार बिदेशी धानको आयात बढ्नु नै मूल्य घट्नुको प्रमुख कारण हो। आयातित धानका कारण स्वदेशी उत्पादनले बजार प्रतिस्पर्धा गर्न नसकेको स्थिति रहेको छ। यसले किसानलाई निरुत्साहित बनाउने खतरा समेत देखिएको छ।

मन्त्रालयले भने उत्पादन वृद्धि र आयात प्रतिस्थापनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ। उन्नत जातका वीऊहरू- जस्तै 'चैत-५' र 'हर्जिनाथ हाइब्रिड' किसानलाई अनुदानमा वितरण गरिएको छ। यी जातहरू उच्च उत्पादन दिने भएकाले किसानहरूमा आकर्षण बढ्दै गएको छ।

यस्तै, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रममार्फत यान्त्रिकीकरणलाई प्राथमिकता दिँदै मेसिनबाट धान रोपाइँ गर्ने प्रविधि विस्तार गरिँदैछ। यसले श्रम अभावको समस्या समाधान गर्नुका साथै उत्पादन लागत घटाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। सिञ्चाइ संरचना विस्तार, आधुनिक कृषि प्रविधिको प्रयोग तथा प्रभावकारी बजारीकरणको व्यवस्था गर्न सकेमा चैते धान खेती अझ सुदृढ बन्ने कृषि विज्ञहरू बताउँछन्। विशेषगरी तराई क्षेत्रमा पर्याप्त सिंचाइ सुविधा विकास गर्न सके उत्पादनमा उल्लेखनीय वृद्धि हुने विश्वास गरिएको छ।

चैते धानले खाद्य विविधिकरणमा समेत महत्वपूर्ण भूमिका खेल्दै आएको छ। यसबाट चिउरा, भुजा लगायतका परिकार उत्पादन गर्न सकिने भएकाले यसको व्यावसायिक सम्भावना अझ व्यापक रहेको छ। चैते धान उत्पादनले वर्षे धानमा निर्भरता कम गर्दै खाद्य सुरक्षामा समेत टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

यस वर्षको अनुकूल मौसमले उत्पादनमा सकारात्मक सङ्केत देखाए पनि बजार मूल्यको समस्या समाधान नगरेसम्म किसानले अपेक्षित लाभ लिन सक्ने अवस्था भने अझै चुनौतिपूर्ण नै रहने देखिएको बताउँछन्- राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक डा. मथुरा यादव। चैते धान प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेमा र बजार सुनिश्चित हुन सकेमा मात्रै कृषकलाई थप प्रोत्साहन मिल्नेछ। बजार माग बढ्ने क्रममा छ- उनले भने। चालूआर्थिक वर्ष २०८२/०८३मा चैते धान खेतीका लागि सिञ्चाइ पूर्वाधार विकास गर्ने सरकारको लक्ष्य छ। यसका लागि सरकारले रु. ३३ करोड बजेट विनियोजन गरेको छ।

**बर्खे धान उत्पादनमा ह्रास**

बर्खे धान रोप्ने समयमा खडेरी परेपछि यसपटक धान उत्पादनमा कमी आएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। विषेशगरी कोशी र मधेश प्रदेशमा परेका खडेरीका कारण उत्पादनमा कमी आएको हो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव एवम् प्रवक्ता डा. जानुका पण्डितका अनुसार आर्थिक वर्ष २०८१/०८२मा धान बाली भित्र्याइएको कूल क्षेत्रफल १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफल रहेको थियो। चालू आवमा ३.८ प्रतिशतले घटेर १३ लाख

*(बाँकी अन्तिम पृष्ठमा)*

## ओली रिहाइमा सर्वोच्चको अस्वीकार




**झापा, चैत १६।** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई बन्दी प्रत्यक्षीकरणमार्फत तत्काल रिहा गर्न सर्वोच्च अदालतले अस्वीकार गरेको छ। अदालतले सरकारका नाममा कारण देखाऊ आदेश मात्र जारी गरेको छ।

न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले यस्तो आदेश दिएको हो। ओलीलाई गैरकानूनी रूपमा थुनामा राखिएको भन्दै उनकी पत्नी राधिका शाक्यले रिट दायर गरेकी थिइन्।

अदालतले तत्काल रिहाइ नदिएपछि ओलीलाई हिरासतमा राखेर प्रहरीले अनुसन्धान जारी राख्न पाउने भएको छ। यसअघि पूर्वगृहमन्त्री रमेश लेखकको रिटमा पनि सर्वोच्चले यस्तै आदेश दिएको थियो।

## अविवाहित किशोरीले शिशु जन्माएर छाडेपछि ...

**झापा, चैत १६।** झापामा अविवाहित एक किशोरीले शिशु जन्माएर मकैवारीमा छाडेको खुलेको छ। १६ वर्षीया ती किशोरीले शिशु जन्माएर मकैवारीमा छाडेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको हो।

सोमवार बिहान करिब ६:१० बजेको समयमा कमल-३स्थित केर्खामा स्थानीय एक व्यक्तिको घर नजिकै रहेको करेसाबारीको मकैबारीमा भर्खरै जन्मिएको (बालिका) शिशु

*(बाँकी अन्तिम पृष्ठमा)*

## आठ स्पा सञ्चालक पक्राउ

**काठमाडौं, चैत १६।** जिल्ला प्रहरी कार्यालय कास्कीले पोखराको लेकसाइडमा सञ्चालित स्पा सेन्टरमा बालिकाहरूलाई काममा लगाएको आरोपमा आठ जना सञ्चालकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पोखरा महानगरपालिका-६ लेकसाइड बस्ने ४७ वर्षीय होमबहादुर बुढाथोकी, सोही स्थानका २४ वर्षीया जेनिशा श्रेष्ठ सुनार, २३ वर्षीया शर्मिला परियार, ४२ वर्षीय सुरेश विक, २७ वर्षीय जीवन श्रेष्ठ, ३० वर्षीया अप्रिना खातुन, ४४ वर्षीय राजु थापामगर र पोखरा-१७का २८ वर्षीय सरोज सुनार रहेको कार्यालयले जनाएको छ।

मापदण्ड विपरीत स्पा सेन्टर चलाएको, बालिकाहरूलाई

*(बाँकी अन्तिम पृष्ठमा)*

## बिर्तामोड खानेपानीको २३औं सभा



**झापा, चैत १६।** बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको २३औं वार्षिक साधारणसभा सोमवार सम्पन्न भएको छ। संस्थाका अध्यक्ष मेघराज बाँस्तोलाको अध्यक्षतामा संस्था परिसरमा आयोजित कार्यक्रममा जिल्ला खानेपानी कार्यालय झापाका प्रमुख सुमन भट्टराई प्रमुख अतिथिका रूपमा सहभागी थिए।

कार्यक्रममा उत्कृष्ट कर्मचारीका रूपमा पद्मबहादुर गुरुङ नगद १० हजार रुपैयाँसहित सम्मानित भए। त्यस्तै, संस्थाका ज्येष्ठ सदस्यका रूपमा दिलीराम बस्नेत र चन्द्रमाया विकलाई पनि नगदसहित सम्मान गरिएको थियो। उनीहरूलाई प्रमुख अतिथि भट्टराई, सल्लाहकार तथा अध्यक्षलगायतले सम्मान गरेका हुन्।

अध्यक्ष बाँस्तोलाले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन अनुसार हाल संस्थामा तीन वटा ओभरहेड ट्यांकी, १६ वटा डीप बोरिङ, १० वटा फिल्टर प्लान्ट र ११ हजार उपभोक्ता रहेका छन्। उनले संस्थाले स्थापना कालदेखि हालसम्म विभिन्न कठिनाइ र चुनौतिकाबीच पनि समस्या समाधान गर्दै अघि बढेको उल्लेख गरे। साथै,

*(बाँकी अन्तिम पृष्ठमा)*

## अध्यक्ष राईद्वारा साइबर ब्युरोमा उजुरी

**काठमाडौं, चैत १६।** श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले सामाजिक सञ्जालमार्फत ज्यान मार्ने तथा घर जलाउने धम्की आएको भन्दै नेपाल प्रहरी साइबर ब्युरोमा उजुरी दर्ता गरेका छन्।

अध्यक्ष साम्पाङका अनुसार 'सुनिता खड्का' नामको टिकटक आइडीबाट आफू र आफ्नो परिवारलाई लक्षित गरी ज्यान मार्ने तथा घरमा आगजनी गर्ने धम्की दिइएको छ। साथै फेसबुक र टिकटक जस्ता सामाजिक सञ्जालमा अपशब्द प्रयोग गर्दै गालीगलौज गरिएको र समाजमा भ्रम फैलाउने काम भएको उनले उल्लेख गरेका छन्।

'म लगायत मेरो घरपरिवारलाई ज्यान मार्ने धम्की दिएको, घर जलाउने धम्की दिई सामाजिक सञ्जालमा अपशब्द प्रयोग गरी गालीगलौज गर्दै समाजमा भ्रम फैलाएको हुँदा प्रचलित कानून बमोजिम हदैसम्मको कारवाही गरिपाऊँ'- अध्यक्ष साम्पाङले उजुरीमा उल्लेख गरेका छन्। उजुरीका आधारमा साइबर ब्युरोले घटनाबारे आवश्यक अनुसन्धान शुरु गरेको जनाएको छ।

# बाँदर नियन्त्रणमा जनप्रतिनिधिका वाचा

**काठमाडौं, चैत १६।** पछिल्ला वर्षमा कृषकका लागि सबैभन्दा ठूलो समस्या वन्यजन्तु, विशेषगरी बाँदरको आतङ्क देखिएको छ। बाँदरले बाली नष्ट गर्दा कृषकहरु अत्यन्त चिन्तित भएका छन्।

किसानले खेती लगाउने बेलामा उन्नत बीऊवीजन, मल खाद्य सिञ्चाइ र कृषि श्रमिकको अभाव वर्षेपिच्छे व्यहोर्दै आएका छन्। बल्लतल्ल खेती लगायो हावाहुरी, बाढीपहिरो, अतिवृष्टि-अनावृष्टिबाट अन्नपात जोगाउनै गाह्रो छ। जब अन्न भित्र्याउने समय आउँछ तब बाँदरको आतङ्क शुरु हुन्छ। त्यसैले एकथरी किसान कृषि पेशा नै छोड्ने मनस्थितिमा छन् भने अर्काथरी कृषकहरु गाउँ छोड्न बाध्य छन्।

बढ्दो बाँदर आतङ्कले भोजपुरको मानेभन्ज्याङ र रामप्रसाद गाउँपालिका-५ का कृषक गाउँ छोडेर बसाइँ सरेका छन् भने केहीले खेती नै गर्न छोडेकाले खेतबारी बाँझो भएको बताएका छन्। काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, बाग्लुङ र पर्वत जिल्लामा बाँदर आतङ्कले केही गाँउका किसानको पूरै बाली नष्ट पारिदिएको त्यहाँका किसानले गुनासो गरेका छन्।

त्यसैगरी पछिल्लो समय इलाम, धनकुटा भोजपुर, ललितपुर, दोलखा, गोरखा, रामेछाप, मकवानपुर, पाल्पा, स्याङ्जा, कास्की, तनहुँ, लमजुङ, गुल्मी र अर्घाखाचीमा बाँदर आतङ्क बढ्दै गएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग बाँदर आतङ्कै कारण कति क्षेत्रफल जमिन बाँझो छ भन्ने यकिन तथ्याङ्क छैन। तर,




राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार लामो समयदेखि कृषियोग्य जमिन घटिरहेको छ। वि.सं. २०६८को कृषि गणनामा २५ लाख २५ हजार ६ सय ३९ हेक्टर र त्यसको १० वर्षपछि अर्थात वि.सं. २०७८को कृषि गणनामा आइपुग्दा झण्डै तीन लाख हेक्टर जमिन घट्न गइ २२ लाख १८ हजार ४ सय १० हेक्टर जमिन खेतीयोग्यमा खुम्चिएको उल्लेख छ।

अन्नबाली नै जोगाउन सकिएन भने खाद्य सम्प्रभुता संविधानमा मात्र सीमित हुन बेर लाग्दैन। नेपालको संविधान भाग (३)को धारा ३६को उपधारा (२) ले प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने तथा उपधारा (३) ले प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ भनी उल्लेख गरेको छ।

मकै, कोदो, धान, गहुँलगायत विभिन्न बाली तथा फलफूलहरु लगाएर जीवन गुजारा गर्ने किसानको श्रमलाई सम्मान गर्न सकिएन भने कृषिको स्वनिर्भरतामा धक्का पुग्ने देखिन्छ। भन्सार विभागको आर्थिक वर्ष २०८१/०८२को फागुन मसान्तको तथ्याङ्क अनुसार नेपालले झण्डै

*(बाँकी अन्तिम पृष्ठमा)*

### किसानद्वारा कृषि औजारसहित प्रदर्शन

**खोटाङ, चैत १६।** बाँदरपीडित किसानले सोमवार कृषि औजारसहित सदरमुकाम दिक्तेल बजारमा विरोध प्रदर्शन गरेका छन्। बाँदर नियन्त्रणको भरपर्दो उपाय खोजी गर्न सरकारसमक्ष माग गर्दै किसानहरुले हलो, जुवा, दाँते र कोदालो बोकेर प्रदर्शन गरेका हुन्।

प्रदर्शनमा उत्रिएका किसानले 'सबै किसान एक हौँ, बाँदरको समस्या समाधान गर, हाम्रो माग पूरा गर, राष्ट्रको सान किसानको सम्मान' भन्ने नारासमेत लगाएका थिए। सो प्रदर्शनपछि प्रमुख जिल्ला अधिकारी रेखा कँडेललाई ज्ञापन-पत्र बुझाउँदै खेतबारीमा बितण्डा मच्चाउने बाँदरलाई तारजालीको खोरमा थुन्ने तथा परिवार नियोजनको व्यवस्था गर्न किसानले माग गरेका छन्। ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी कँडेलले सम्बन्धित निकायमा ज्ञापन-पत्र पुऱ्याएर सहयोग गर्ने प्रतिबद्धता जनाए।

*(बाँकी अन्तिम पृष्ठमा)*

## अब आवेदन दिएको दिनमै श्रम स्वीकृति

**काठमाडौँ, चैत १६।** सरकारले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिमा रहेको टोकन प्रणालीको अन्त्य गरी आवेदन दिएको दिनमै स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

यसअघि टोकन लिएर तोकिएको दिनमा मात्रै स्वीकृति दिने व्यवस्था थियो। आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री दीपककुमार साहको उपस्थितिमा बसेको बैठकले सहज रुपमा श्रम स्वीकृति दिने निर्णय गरेको मन्त्रालयले जनाएको छ।

पूर्व प्रस्थान अभिमूखीकरण तालिम पाठ्यक्रममा आधारित श्रव्य दृश्य सामग्री निर्माण गरी डिजिटल माध्यममा उपलब्ध हुने व्यवस्था गरिने भएको छ। अभिमुखीकरण तालिम पनि पूर्ण रुपमा अनलाइन प्रणालीमा आधारित बनाइने जनाइएको छ।

योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सबै श्रमिकलाई आवद्ध गर्न अभियान सञ्चालन गर्ने, श्रमिकको न्यूनतम् ज्यालाको पूर्ण कार्यान्वयन गरिने मन्त्रालयले जनाएको छ।

श्रमाधान योजनालाई आन्तरिकीकरण गर्दै श्रमाधान कल सेन्टरलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउने तथा औद्योगिक प्रतिष्ठानहरुमा जोखिम मूल्याङ्कन गरी व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा प्रवर्द्धन गर्ने, उत्पादन र उद्यमशीलता प्रवर्द्धन गरी आन्तरिक रोजगारी सिर्जना गर्ने र थप पाँच मुलुकसँग द्विपक्षीय श्रम सम्झौता विस्तार गर्ने निर्णय बैठकले गरेको छ।

मन्त्रिपरिषद्को यही चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची माथि

*(बाँकी अन्तिम पृष्ठमा)*


**बिर्तामोडको कर्मशियल भवन बिक्रीमा**




**झापाको बिर्तामोड-१ स्थित पश्चिम बस स्टेण्डमा होटल, हस्पिटल, कलेज, मार्ट, पार्टी प्यालेस लगायत सञ्चालन गर्नका लागि उपयुक्त १ कट्ठा १० धुर जग्गामा बनेको तीन तले कर्मशियल भवन बिक्रीमा रहेको छ । इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।**

**सम्पर्क : ९७०७११९५५७ Whatsapp: ९८५२६७२५९६**

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

महासंघको स्थापना दिवस

# पत्रकारिताको शुद्धीकरण र सुदृढीकरणको बहस

## ज्येष्ठ पत्रकारलाई औषधोपचार खर्च प्रदान



**काँकरभिट्टा, चैत १६।** नेपाल पत्रकार महासंघको ७१औं स्थापना दिवसको सन्दर्भमा सोमबार झापाको काँकरभिट्टामा पत्रकारिताको शुद्धीकरण र सुदृढीकरण विषयक अन्तरक्रिया तथा ज्येष्ठ पत्रकारलाई वार्षिकवृत्ति वितरण गरिएको छ।

नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना र मेचीनगर नगरपालिकाको सहकार्यमा भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि महासंघका कोशी प्रदेश समितिका अध्यक्ष भरतबहादुर खड्काले गरेका थिए।

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि खड्का, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय महासचिव चन्द्र भण्डारी, कोशी प्रदेश समिति उपाध्यक्ष अम्बिका भण्डारीले शुभकामना व्यक्त गरेका थिए। त्यसक्रममा पत्रकारिताको शुद्धीकरण र सुदृढीकरणका लागि ११ बुँदे 'झापा संकल्प-पत्र २०८२' पारित गरिएको छ। वक्ताहरुले पत्रकारिताको शुद्धीकरण र सुदृढीकरणका लागि आचारसंहिताको पूर्णपालना, पत्रकारको क्षमता विकास लगायतका विषयमा जोड दिएका थिए।

कार्यक्रममा जिल्लाका ६५ वर्ष माथिका १३ जना ज्येष्ठ पत्रकारलाई वार्षिक वृत्ति वितरण गरिएको छ। वार्षिक वृत्ति पाउने ज्येष्ठ पत्रकारहरुमा गोविन्दचन्द क्षेत्री, केशव आचार्य, चिन्तामणि दाहाल, चन्द्र भण्डारी, गञ्जबहादुर दाहाल, लक्ष्मण ढकाल, शिरो सान्दाइ, विष्णुकुमार भट्टराई, चूडामणि वशिष्ठ, लेखनाथ परदेशी, लीला बराल, गोपाल गिरी र लक्ष्मी लुइँटेल रहेका छन्।

महासंघले स्थापना गरेको पत्रकार सहारा उपचार कोषको ब्याजबाट ०८० सालदेखि ६५-७५ वर्ष उमेरसम्मका ज्येष्ठ पत्रकारलाई वार्षिक वृत्तिस्वरुप १५ हजार र सोभन्दा माथिका ज्येष्ठ पत्रकारलाई वार्षिक २० हजार रकम औषधोपचार खर्च वापत प्रदान गरिँदै आएको छ। महासंघका सदस्य रहेका ज्येष्ठ पत्रकारलाई वार्षिक रुपमा उक्त रकम उपलब्ध गराइँदै आएको बताइएको छ। सोही कार्यक्रममा केही समय अघि हर्नियाको शल्यक्रिया गराएका ज्येष्ठ पत्रकार लक्ष्मी लुइँटेललाई २५ हजार रुपैयाँ उपचार खर्च समेत प्रदान गरिएको थियो।

कार्यक्रमको दोस्रो सत्रमा विषय केन्द्रित अन्तरक्रिया गरिएको थियो। पूर्वअध्यक्ष मोहन काजीको संयोजकत्वमा गठित संकल्प पत्र तयारी समितिले प्रस्ताव गरेको ११ बुँदे संकल्प पत्र सहभागीको सुझावका आधारमा संशोधनसहित पारित गरिएको थियो। संकल्प पत्रमा पत्रकार आचारसंहिताको पूर्ण पालना, पत्रकारिताको स्वच्छता र व्यवसायीकरण, क्षमता विकास, जवाफदेहिता लगायतका विषय समेटिएको छ। उक्त समितिमा महासंघ झापाका पूर्व अध्यक्ष तारामणि सापकोटा, अग्रज पत्रकार लोकराज ढकाल, महासंघका सल्लाहकार डिकेश लामा, उपाध्यक्ष विनिशा शर्मा र कोषाध्यक्ष मुक्ति पौडेल रहेका थिए।

अन्तरक्रियामा महासंघ झापाका पूर्वअध्यक्ष चिन्तामणि दाहाल, गणेश पोखरेल, सल्लाहकार राजेन्द्र गौतम, प्रेस चौतारी झापाका अध्यक्ष प्रदीप परियार, प्रेस युनियन झापाका सचिव तथा फोनिज झापाका अध्यक्ष अर्जुन राजवंशी, नारी सञ्चार गृहकी अध्यक्ष स्वस्तिका आचार्य, सञ्चारिका समूह झापाकी अध्यक्ष लीला अनमोल लगायतले पत्रकारिता क्षेत्रको सुधारका लागि सुझावहरु राखेका थिए। पत्रकारहरु गंगन ढकाल, प्रविण अधिकारी, राजबाबु शंकर, युवराज आचार्य, सन्तोष आचार्य, विजय भट्टराई, अनिल ढुंगाना, शिशिर चम्लागाँई, सावित्रा दाहाल, उत्तम रिजाल, खगेन्द्र घिमिरे, देवेन्द्र प्रसाईं, उमाकान्त खनाल लगायतले विभिन्न समस्या तथा सुझावहरु राखेका थिए।

अन्तरक्रियाको आचारसंहिता उपाध्यक्ष सुब्रत न्यौपानेले प्रस्तुत गरेका थिए। सचिव राजु पाठकले सञ्चालन गरेको कार्यक्रममा स्वागत कोषाध्यक्ष मुक्ति पौडेलले गरेका थिए। कार्यक्रम काँकरभिट्टा खानेपानी कार्यालयको सभाहलमा आयोजना गरिएको थियो।

## संविधान संशोधनका लागि कार्यदल गठन

**काठमाडौं, चैत १६।** सरकारले संविधान संशोधन बहस पत्र तयार गर्न कार्यदल गठन गर्ने निर्णय गरेको छ।

सरकारका प्रवक्ता सस्मित पोखरेलका अनुसार सदनमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूको सहभागिता रहने गरी कार्यदल गठन हुने निर्णय भएको हो।

समितिको अध्यक्षता प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम साहले गर्ने उनले बताए। सबै दलहरूको सहभागितामा राष्ट्रिय सहमतिमा पत्र तयार हुने उनले बताए।

## अपर तमोर हाइड्रोमा कार्यरत युवक मृत फेला

**ताप्लेजुङ, चैत १६।** ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-५मा रहेको अपर तमोर हाइड्रो कम्पनीमा कार्यरत एक युवक मृत अवस्थामा फेला परेका छन्।

तेह्रथुमको म्याङ्लुङ नगरपालिका-१, गैरीगाउँका ४० वर्षीय यमराज लिम्बू मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ। गतफागुन ८ गते घर जान्छु भनेर हिँडेका लिम्बू हालसम्म सम्पर्कमा नआएको भन्दै चैत १ गते खोजतलासका लागि हुलियासहित निवेदन परेको थियो। सोही आधारमा खोजी कार्य गर्दै जाँदा आइतबार फक्ताङ्लुङ गाउँपालिका-२मा मेथेन खोलामा सडेगलेको अवस्थामा लिम्बूको शव फेला परेको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रहरी निरीक्षक तथा सूचना अधिकारी जटाशङ्कर यादवले जानकारी दिए।

घटनास्थलमा पुगेर अनुसन्धान गर्ने क्रममा मृतकको बाँया हातमा रहेको ट्याटुका आधारमा शवको पहिचान गरिएको प्रहरीले जनाएको छ। शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल ताप्लेजुङमा ल्याइएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## बाँदर ...

मासिक रु. दुई अर्बभन्दा माथिको खाद्यान्न आयात गर्दै आएको छ।

बिहानदेखि बेलुकासम्म खेतबारीमा काम गरेर लगाएको बाली क्षण भरमा बाँदरले नष्ट गरिदिएपछि किसानलाई रिस उठ्नु स्वाभाविकै हो। तर, कानूनले बाँदर मार्न रोक लगाएको छ। नेपालको वन्यजन्तु संरक्षण ऐन २०७१ ले बाँदरलाई मार्ने वा हानी नोक्सानी गर्नेलाई रु. २५ हजारदेखि रु. ५० हजारसम्म जरिवाना र ६ महिनादेखि तीन वर्षसम्म कैद हुन सक्ने उल्लेख छ।

बाँदरको संख्या बढ्नुको मुख्य कारण वन विनाश हो। वनमा कन्दमूल तथा फलफूल प्रायः पाइदैन। जङ्गलमा पाइने पानीको स्रोतमा नागरिकको सिधा पहुँच स्थापित भएको छ। वन्यजन्तु वैज्ञानिक प्रा डा मुकेशकुमार चालिसे प्रकृतिमा रमाइरहेका बाँदरलाई विभिन्न स्वादिला खानेकुरा दिएका कारण लखेट्दा वन जान मान्दैनन् भन्नुहुन्छ। बाँदरलाई घनाजङ्गल जहाँ कन्दमूल सजिलै पाइन्छ, त्यहाँ स्थान्तरण र मानव बस्तीलाई वनबाट टाढा राख्नुपर्ने उनको सुझाव छ।

भिँगाली सामुदायिक वन उपभोक्त समिति भक्तपुरका प्रतिनिधि रामकुमार कार्की समितिले बाँदर संरक्षणका लागि वनमा याम अनुसारका फलफूलका बिरुवा लगाउने योजना बनाउनुपर्ने बताउँछन्। छिमेकी मुलुक भारतको हिमाञ्चल, उत्तराखण्ड र दिल्लीमा बाँदरको संख्या घटाउन बाँदरलाई बाँझो (बन्ध्याकरण) गर्ने योजनालाई प्रमुख रुपमा अघि सारेको पाइन्छ। नेपालमा सरकारले बाँदरको संख्या घटाउने कुनै वैज्ञानिक उपाय अवलम्बन गरेको पाइँदैन।

विसं २०८१ माघ २३ गते प्रतिनिधिसभा अन्तर्गत कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा विज्ञहरुले बाँदरको बन्ध्याकरणका लागि आवश्यक कानून बनाइदिन सुझाव दिएका थिए। नेपालमा बाँदरको आधिकारिक गणना भएको छैन।

## प्रि-मनसुनले ...

७६ हजार ८७२ हेक्टर क्षेत्रफल कायम रहेको मन्त्रालयको अनुमान छ।

यसैगरी आव २०८१/०८२मा ५९ लाख ५५ हजार ४७६ मेट्रिकटन उत्पादन भएकोमा चालू आवमा ४.२० प्रतिशतले कमी भई ५७ लाख पाँच हजार १२६ मेट्रिकटन उत्पादन भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। यसैगरी उत्पादकत्व गत आवमा ४.१९ मेट्रिकटन प्रति हेक्टर रहेकोमा आव २०८२/०८३मा १.१६ प्रतिशतले घटेर ४.१४ मेट्रिक टन प्रति हेक्टर हुन पुगेको छ।

**उत्पादन घट्नुका कारणहरू**

मन्त्रालयको प्रवक्ता पण्डितका अनुसार धान बालीको क्षेत्रफलमा कमी आउनुमा मुख्यगरी पहाडी क्षेत्रमा देखिएको बसाइसराइँ, युवाहरूको विदेश प्रतिको आकर्षण एवम् फलफूल तथा नगदेबालीको क्षेत्रफलमा भएको वृद्धि हुन् भने तराई एवम् शहरी क्षेत्रमा वृद्धि भइरहेको आप्रवासन, जमिनको औद्योगिक एवम् अन्य भौतिक पूर्वाधार निर्माणमा प्रयोग जस्ता कारणले धानबालीको क्षेत्रफलमा केही कमी आएको छ।

यसैगरी मधेश प्रदेशमा विशेष गरी धान लगाउने समयमा परेको खडेरीका कारण धान लगाएको क्षेत्रफलमा कमी आई धानको क्षेत्रफल घटेको हुँदा समग्रमा धान बालीको क्षेत्रफलमा कमी आएको हो- उनले भने- यस आर्थिक वर्षमा उन्नत बीऊबिजन र मलखादको पर्याप्त उपलब्धता हुँदाहुँदै प्रतिकूल मौसमका कारण उत्पादकत्वमा केही कमी आएको छ। धानबालीको क्षेत्रफल र उत्पादकत्वमा कमी भएका कारण चालू आवमा समग्र धान उत्पादनमा कमी आएको छ।

## बिर्तामोड ...

संस्थाले गरेका १४ बुँदे कार्ययोजना, ६ बुँदे समस्या तथा चुनौति र २३ बुँदे भावी योजना पनि प्रस्तुत गरिएको थियो।

कार्यक्रममा उपाध्यक्ष शैलेन्द्र सिटौलाले स्वागत मन्तव्य राखेका थिए भने सञ्चालन सचिव पारसमणि मैनालीले गरेका थिए। कोषाध्यक्ष शारदा रिजालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा लेखा समितिको प्रतिवेदन संयोजक विष्णुप्रसाद चुडालले प्रस्तुत गरेका थिए। कार्यक्रममा बोल्दै संस्थाका निवर्तमान अध्यक्ष तथा मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङले कुनै पनि संस्थाको मेरुदण्ड कर्मचारी हुने बताए। उनले आफ्नै नेतृत्वकालमा सन् २०१८ र २०२२मा संस्था उत्कृष्ट बन्नुमा कर्मचारीको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे।

कार्यक्रममा प्रमुख अतिथि भट्टराईसहित सल्लाहकार लोकबन्धु कन्दङ्वा, राजकुमार पोखरेल, राष्ट्रिय स्वतन्त्र पार्टीका बिर्तामोड नगर सभापति दीपक दाहाल, नेपाल उद्योगशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल बिमलीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा विभिन्न संघ-संस्थाका प्रतिनिधि, सल्लाहकार, उद्योगी-व्यवसायी तथा उपभोक्ताहरूको उपस्थिति रहेको संस्थाका कार्यालय प्रमुख खड्गराज गिरीले जानकारी दिए।

## यातायात ...

सेवाग्राहीबाट 'फास्ट ट्र्याकमा काम गरिदिने' भन्दै अतिरिक्त रकम असुल्ने गरेको गुनासो बढेपछि प्रहरीले निगरानी बढाएर कारबाही अघि बढाएको हो।

पक्राउ परेका सबैलाई प्रहरी वृत्त सातदोबाटोमा राखी थप अनुसन्धान थालिएको ललितपुर परिसरका एसपी तथा प्रवक्ता गौतम मिश्रले जानकारी दिए। प्रारम्भिक अनुसन्धानमा उनीहरूले सेवाग्राहीलाई लाइनमा नबसाई काम मिलाइदिने, लिखित तथा ट्रायल प्रक्रिया सहज बनाइदिने भन्दै पैसा उठाउने गरेको खुलेको प्रहरीले जनाएको छ।

प्रहरीले यस्ता बिचौलियाको प्रभावले सर्वसाधारण सेवाग्राहीले सास्ती भोग्नुपरेको र सरकारी सेवा प्रणालीमै नकारात्मक असर परेको भन्दै अभियानलाई थप कडाइका साथ निरन्तरता दिइने जनाएको छ।

## किसानद्वारा ...

वि.सं. २०७५को फागुनमा पनि बाँदर नियन्त्रण तथा व्यवस्थापन समितिको पहलमा विभिन्न राष्ट्रिय निकुञ्जमा पुऱ्याउने योजनासहित भारतको खुसीनगर उत्तरप्रदेशका पेशेवर शिकारी झिकाएर बाँदर समातिएको थियो। यद्यपि, नियन्त्रणमा लिइएको बाँदर निकुञ्जमा लैजान अगावै समातेर राखेकै ठाउँमा मरेको बताइएपछि पशु अधिकारकर्मीले चासो देखाउँदा कानूनी जटिलता आइपरेको थियो।

नेपालमा बाँदर मार्न कानूनी अड्चन भएकाले उचित व्यवस्थापन गर्न पहल थालिएको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका प्रमुख तीर्थराज भट्टराईले जानकारी दिए।

## अविवाहित ...

बेवारिसे अवस्थामा फेला परेका थिए। शिशुलाई सोही घरका छोरा ४८ वर्षीय लीलाराज थापाले देखेपछि तत्काल प्रहरीलाई जानकारी गराएका थिए। प्रहरी चौकी केर्खाबाट खटिएको टोलीले स्थानीयवासीको सहयोगमा शिशुको उद्धार गरेको थियो।

उद्धारपश्चात् शिशुलाई उपचारका लागि दमकस्थित किओच बाल अस्पताल पठाइएको प्रहरीले जनाएको छ। हाल शिशुको स्वास्थ्य अवस्था सामान्य रहेको बताइएको छ। यता प्रहरीले जन्म दिएर फालेकी शिशुको आमाको खोजी तीव्र बनाएको थियो। प्रहरीले खोजीका क्रममा १६ वर्षीया किशोरीले ती शिशुलाई जन्म दिएको खुलेपछि उनलाई नियन्त्रणमा लिएको छ।

## अब ...

छलफल भएको मन्त्रालयले जनाएको छ। छलफलमा श्रम तथा रोजगारको क्षेत्रलाई व्यवस्थित, मर्यादित एवम् सुरक्षित बनाउन तथा श्रमिकको हकहितको संरक्षण गर्न सरकारबाट स्वीकृत कार्यसूचीमा रहेका सम्बन्धित विषयमा तत्काल कार्ययोजना तयार गरी कार्यान्वयन गर्न मन्त्री साहले मातहतका कर्मचारीलाई निर्देशन दिएका थिए।

वैदेशिक रोजगारीमा रहेका नेपालीको सुरक्षा, न्यूनतम् ज्यालाको सुनिश्चितता, कार्यस्थल सुरक्षा, कार्य वातावरण र स्वास्थ्य सुरक्षाको अवस्था अध्ययन गरी वैदेशिक रोजगारीको न्यूनतम् मापदण्ड तयार गर्ने, रोजगारी सिर्जनाका लागि सहयोग पुग्ने गरी सिप विकास तालिम प्रदान गरी रोजगारमा आबद्ध गर्ने विषयमा समेत छलफल भएको थियो।

त्यसैगरी सबै प्रदेशमा निजी क्षेत्रसँगको सहकार्यमा सिप मेला सञ्चालनको तयारी गर्ने, आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने, सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउने, वैदेशिक रोजगारीका नाममा हुने गरेका ठगी नियन्त्रण गर्न प्रभावकारी कदम चाल्ने योजना मन्त्रालयले अगाडि सारेको छ।

## आठ ...

कामदार बनाएको र स्पा सेन्टरभित्र अवाञ्छित क्रियाकलाप गर्ने/गराउने गरेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिए। स्पा सेन्टरबाट उद्धार गरिएका बालिकाहरूलाई परिवार र आफन्तको जिम्मा लगाइएको उनको भनाइ छ। पक्राउ परेकामाथि अनुसन्धान अगाडि बढाएको जनाइएको छ।


असल संस्कार र समृद्धिका लागि एनएमसी

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

### कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना

प्रथमपटक प्रकाशित मिति : २०८१/१२/१७

यस संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गतका सेवाकेन्द्रसँग कर्जा कारोबार गर्ने तपसिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ। अन्यथा आवश्यक कानूनी प्रक्रियाका लागि प्रधान कार्यालयमा सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ।

| क्र.स. | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति र पत्नी | जगगाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| १. | मुना कडरिया सिटौला | शिवसताक्षी-४ | बिष्णु प्रसाद कडरिया | पदमलाल कडरिया | यामनाथ सिटौला | यामनाथ सिटौला | शिवगञ्ज |
| २. | शिवकुमार बिमली | शिवसताक्षी-४ | हरिप्रसाद बिमली | भगिरथ बिमली | मैया खत्रि बिमली | शिवकुमार बिमली | शिवगञ्ज |
| ३. | राजेन्द्र गणेश | शिवसताक्षी-५ | उधनलाल गणेश | मुमुकलाल गणेश | दयमन्ति गणेश | दयमन्ती गणेश | शिवगञ्ज |
| ४. | अशोकप्रसाद साह | गौरीगञ्ज-१ | बसन्तलाल साह | मोलाई साह | गिता देवी साह | अशोक प्रसाद साह | शिवगञ्ज |
| ५. | बासुदेव हजाम | शिवसताक्षी-६ | गृहिलाल | अगम लाग | मेमवत्ति सर्मा | बासुदेव हजाम | शिवगञ्ज |
| ६. | कालसिहं ताजपुरिया | शिवसताक्षी-४ | सत नारायण ताजपुरिया | हिङलाल ताजपुरिया | पुष्पा ताजपुरिया | कालसिहं ताजपुरिया | शिवगञ्ज |
| ७. | गोमादेवी खतिवडा | गौरादह-९ | मेघनाथ खतिवडा | खगेन्द्र खतिवडा | नारदप्रसाद अधिकारी | गोमादेवी खतिवडा | बैगुनधुरा |
| ८. | कृष्णप्रसाद पोखेल | गौरादह-९ | ओमप्रसाद पोखेल | धर्मानन्द पोखेल | कमला अधिकारी | राजेश पोखेल | बैगुनधुरा |
| ९. | राजेन्द्रप्रसाद भट्टराई | गौरादह-९ | रत्नप्रसाद भट्टराई | दुर्गाप्रसाद भट्टराई | सुमित्रा भट्टराई | राजेन्द्रप्रसाद भट्टराई | बैगुनधुरा |
| १०. | नगेन्द्र बस्नेत | गौरादह-९ | चक्रबहादुर बस्नेत | हर्कबहादुर बस्नेत | गोमा दुलाल | गंगा देवी बस्नेत | बैगुनधुरा |
| ११. | राधादेवी खत्रि | गौरादह-९ | जगतबहादुर खत्री | नरबहादुर खत्रि | दूर्गाबहादुर कटुवाल | राधादेवी खत्री | बैगुनधुरा |
| १२. | बिष्णुमाया काफले | गौरादह-७ | पुष्पप्रसाद काफले | मुकुन्द काफले | कुलचन्द्र ओस्ती | कुलचन्द्र ओस्ती | ग्वालडुव्वा |
| १३. | मुना मैनाली | गौरीगञ्ज-१ | मोतीश्वर पौडेल | मित्रलाल पौडेल | अर्जुनकृष्ण मैनाली | अर्जुनकृष्ण मैनाली | कुञ्जिवारी |
| १४. | बिष्णुप्रसाद ढुङ्गाना | गौरीगञ्ज-१ | मित्रलाल ढुङ्गाना | उमाकान्त ढुङ्गाना | टिकादेवी काफ्ले ढुङ्गाना | टिकादेवी काफ्ले ढुङ्गाना | कुञ्जिवारी |
| १५. | भिमबहादुर राजवंशी | गौरीगञ्ज-१ | टिकाप्रसाद राजवंशी | बुद्धिमान राजवंशी | ठूमोदेवी राजवंशी | ठूमोदेवी राजवंशी, भिमबहादुर राजवंशी | कुञ्जिवारी |
| १६. | किरणदेवी महत्तो | गौरीगञ्ज-१ | रामदेव महत्तो | जनकलाल महतो | ओमप्रकास महत्तो | नन्दलाल महत्तो | कुञ्जिवारी |
| १७. | चन्द्रनारायण राजवंशी | गौरीगञ्ज-१ | सुशिल राजवंशी | दामोदर राजवंशी | हिना राजवंशी | चन्द्रनारायण राजवंशी | कुञ्जिवारी |
| १८. | विजयप्रसाद राजवंशी | गौरीगञ्ज-१ | भिमप्रसाद राजवंशी | उगनलाल राजवंशी | गितादेवी राजवंशी | विजयप्रसाद राजवंशी, भिमप्रसाद राजवंशी | कुञ्जिवारी |
| १९. | विशाल श्रेष्ठ | गौरीगञ्ज-२ | गजबहादुर श्रेष्ठ | कालीदास श्रेष्ठ | निरु श्रेष्ठ | विशाल श्रेष्ठ | कुञ्जिवारी |
| २० | निर्मला गौतम | गौरादह-९ | निलकण्ठ भट्टराई | गंगाराम भट्टराई | विनोद गौतम | विनोद गौतम | कुञ्जिवारी |
| २१. | सुनिल राजवंशी | गौरीगञ्ज-१ | उग्रनारायण राजवंशी | श्रीप्रसाद राजवंशी | डिम्पल राजवंशी | उग्रनारायण राजवंशी | कुञ्जिवारी |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
बचत तथा ऋण व्यवसाय उपसमिति



**कृषि बजार व्यवस्थापन समिति**
बिर्तामोड न.पा.-५, झापाको

### सूचना ! सूचना !! सूचना !!!

मिति: २०८२/१२/१६

यस कृषि वजार व्यवस्थापन समितिको कार्यालयमा आवश्यक पर्ने (सुरक्षा गार्ड) नियुक्ति गर्ने सम्वन्धमा मिति: २०८२/१२/३ गतेको व्यवस्थापन समितिको वैठकको निर्णय अनुसार आज मिति: २०८२/१२/१६ गतेबाट लागू हुने गरी सात (७) दिनभित्र सम्वन्धित सेक्यूरिटी कम्पनीहरुले रु. ५००/- (रु. पाँच सय) मात्र को कृषि विकाश बैंक शाखा कार्यालय, बिर्तामोड-५ झापा खाता नं. ०६००६००१४७६६७०११ मा नगद जम्मा गरेको बैंक भौचर संलग्न राखी यस कार्यालयमा दरखास्त दिनु हुन आव्हान गरिन्छ।

**आवश्यक कागजातहरु:**

(१) आ.व. २०८१/०८२को कम्पनीको कर चुक्ताको कागजात।
(२) कम्पनीको स्थायी लेखा नम्वर (PAN) १ थान।
(३) कम्पनीको दर्ता प्रमाण-पत्रको प्रतिलिपि १ थान।
(४) श्रमिक आपूर्तिको कम्पनीको इजाजत-पत्र १ थान।
(५) सुरक्षाकर्मीको सेवासुविधा तलव लगायतको मासिक खर्च रकम कार्य अवधि समय तोकी गोप्य शिलवन्दी पेश गर्न हुन।
(६) सुरक्षा गार्ड नियुक्ति गर्ने विषयमा अन्तिम निर्णय समितिमा रहने छ।
(७) गोप्य शिलवन्दी पेश गर्ने अन्तिम समय २०८२ साल चैत्र २२ गते आइतवार दिनको ३:०० बजेसम्म।


**कृषि बजार व्यवस्थापन समिति, बिर्तामोड, झापा**



### बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा





हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan

सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६



### वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

**उपचार हुने रोगहरू**

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### योजनाले बढाएको उत्साह

**पूर्वी नेपालको पाँचथर जिल्लास्थित फाल्गुनन्द गाउँपालिकाले कृषि क्षेत्रबाट पलायन हुन थालेका स्थानीयबासीलाई लक्षित गरी किसान सम्मान कार्यक्रम सञ्चालन गरेको छ । नेपाल कृषि प्रधान देश हो, तर पछिल्लो समय अधिकांश किसान कृषि कर्मबाट विरत भई पलायन भइरहेका छन् । जसका कारण खाद्यान्नमा आत्मनिर्भर नेपालको अर्थतन्त्र आयातमुखी हुन पुगेको छ र यस्तोमा सरकारले किसान लक्षित योजना, कार्यक्रम र परियोजना मार्फत किसानलाई कृषि कर्ममै रोक्ने उद्देश्यले विविध कार्यक्रम सञ्चालन गरिरहेको छ । तर, ती कार्यक्रम वास्तविक किसानको पहुँच बाहिर रहेको टिप्पणी मात्र भएको छैन त्यसले उत्पादन र संलग्नता समेत बढाउन सकेको छैन ।**

**फाल्गुनन्द गाउँपालिकाले कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउने उद्देश्यले आर्थिक वर्ष २०७९-०८० देखि उक्त कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्न नीति र कार्यक्रममै समावेश पनि गऱ्यो । त्यही अभियान र कार्यक्रम अन्तर्गत शुरुवाती वर्षमै उन्नन्तीस जना किसान अभियानमा जोडिए । त्यसको परिणाममा घट्दै गएको धानको उत्पादन क्रमशः बढ्दै गएको छ । पालिकाले थालनी गरेको कार्यक्रमले किसानहरु आकर्षित मात्र भएका छैनन् आ.व. २०८२-०८३ मा शुरुको वर्षको तुलनामा तीन गुना बढी धान उत्पादन गरेका छन् । उनीहरुलाई सम्मान कार्यक्रम मार्फत उत्साहित मात्र गरिरहेको छैन लक्ष्य अनुसार स्थानीय स्तरमै खाद्यान्न उत्पादन वृद्धि गरेर आत्मनिर्भरता तर्फ उन्मुख पनि गरिरहेको छ ।**


**त्यसो त पूर्वी पहाडी जिल्ला कृषि उत्पादनका लागि महत्त्वपूर्ण क्षेत्र रहिआएको छ । तर, कृषि कर्मलाई सम्मानको पेशा बनाउन राज्यले यथोचित प्रयास नगरेकै कारण कृषि योग्य उर्वर जमिन बाँझिन थालेको छ । यस्तोमा फाल्गुनन्द गाउँपालिकाले नीतिगत पहल गरेर प्राकृतिक विपद्का बीच पनि किसानमा आशा, विश्वास र उत्साह थप्न सकेको छ, जुन अन्य स्थानीय तहका लागि समेत उत्प्रेरक हुनसक्छ । धान मात्र होइन माटो, क्षेत्र, सुविधाको आधारमा एक वडा एक उत्पादनको नीति अवलम्वन गरेको छ । जस अनुसार धान बाहेक मकै, आलु, अकबरे खोर्सानी, कोदो, किबी, सुन्तला, कफी जस्ता खाद्य बाली वा फलफूलको व्यावसायिक खेती र उत्पादनमा जोड दिएको छ ।**

**यसका लागि आफ्नै स्रोतबाट अनुदान कार्यक्रम मार्फत प्रविधिसम्मको सहयोग गरेको छ । छिट्टै कृषिलाई पर्यटनसँग जोड्ने पालिकाको लक्ष्य रहेकोले यसले स्थानीयबासीलाई आफ्नै ठाउँमा व्यावसायिक कर्म गर्न उत्साह थपेको छ । पालिकाको यस्तो सृजनात्मक, परिणाममुखी योजनाबाट अन्य पालिका समेत आकर्षित हुन सके हाम्रो खाद्यान्नमा बढेको परनिर्भरता घट्ने र युवाको पलायनलाई रोक्ने आशा गर्न सकिन्छ ।**

# देश रूपान्तरणको ऐतिहासिक अवसर



**रविप्रसाद बराल**




नेपालमा फागुन २१ मा सम्पन्न निर्वाचनले देशको राजनीतिक यात्रामा नयाँ मोड ल्याएको छ । यो सरकार परिवर्तनमात्र नभई जनताले विगतको राजनीतिक संस्कारप्रति गरेको अस्वीकार र नयाँ विकल्पप्रति विश्वासको स्पष्ट अभिव्यक्ति हो । परम्परागत दलहरूको शासनशैली, भ्रष्टाचार, भागबन्डा र कमजोर सेवा प्रवाहप्रति नागरिकमा बढ्दो असन्तुष्टि तथा निराशाले वैकल्पिक शक्तिको खोजी गऱ्यो । परिणाम स्वरूप, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई झन्डै दुईतिहाइ जनादेश प्राप्त भयो । यो जनादेश उत्साहजनक देखिन्छ । अब जनताले दिएको विश्वासलाई व्यवहारमा रूपान्तरण गर्दै सुदृढ प्रणाली स्थापना गर्नु र देश तथा जनताको जीवनस्तरमा सार्थक परिवर्तन ल्याउनु नै रास्वपा नेतृत्वको प्रमुख दायित्व हो ।

पार्टी सभापति रवि लामिछानेले रास्वपाका सांसदहरूको अभिमुखीकरण कार्यक्रममा दिएको निर्देशन समकालीन नेपाली राजनीतिका लागि सकारात्मक र दिशानिर्देशक सन्देशका रूपमा हेरिएको छ । दक्षिण अफ्रिकाका पहिलो अश्वेत राष्ट्रपति नेल्सन मन्डेलाले १९९४ मा पद सम्हालेपछि अवलम्बन गरेको मेलमिलाप, राष्ट्रिय सहमति र सहकार्यको मार्गलाई स्मरण गराउँदै उनले जनताबाट प्राप्त जनादेशलाई अधिकारका रूपमा होइन गम्भीर जिम्मेवारीका रूपमा ग्रहण गर्नुपर्ने सन्देश दिएका छन् ।

रवि लामिछानेको 'इतिहास उहाँहरूले लेख्नुभयो, भविष्य हामी बनाउछौँ' भन्ने अभिव्यक्तिले नेपाली कांग्रेस, नेकपा एमाले र माओवादीजस्ता पुराना दल तथा नेताहरूको योगदानप्रति सम्मान व्यक्त गर्दै राजनीतिक ध्रुवीकरण कम गर्न गरेको प्रयास राजनीतिक परिपक्वताको संकेत हो । उनले सत्ता पाएपछि देखिने अहंकार, दम्भ र शक्ति प्रदर्शनको सट्टा सेवा, उत्तरदायित्व र नैतिकतामा आधारित राजनीति गर्न नवनिर्वाचित सांसदलाई आह्वान गरे । सांसदहरूलाई जनताको विश्वासलाई केन्द्रमा राख्दै पारदर्शी, अनुशासित र परिणाममुखी काम गर्न प्रेरित गरे । यसले राजनीतिलाई स्वार्थपूर्तिको माध्यम होइन, जनसेवाको उच्च दायित्वका रूपमा स्थापित गर्ने संकेत दिन्छ ।

शिखरमा पुग्न जति मेहनत आवश्यक हुन्छ त्यसभन्दा बढी चुनौती त्यहाँ टिकिरहन आउँछ भन्ने यथार्थलाई पनि ध्यानमा राख्नुपर्छ । यस्तो सोच र प्रतिबद्धता व्यवहारमा उतार्न सकियो भने यसले सरकार सञ्चालनको तरिकामात्र सुधार्ने छैन समग्र राजनीतिक संस्कृतिलाई पनि रूपान्तरण गर्नेछ र नागरिक तथा राज्यबीच कमजोर हुँदै गएको विश्वास पुनः स्थापित गर्न ठूलो भूमिका खेल्नेछ । नेपालको विगतको राजनीतिक अभ्यास प्रायः पूर्वाग्रह, प्रतिशोध र शक्ति दुरुपयोगको चक्रभित्र रुमलियो । सत्ता हासिल गरेपछि दलहरूले प्रतिद्वन्द्वी दललाई कमजोर पार्ने, राज्यका संयन्त्रहरूलाई आफ्नो दलगत स्वार्थ अनुसार प्रयोग गर्ने र प्रशासनिक संरचनामा प्रभाव जमाउने प्रवृत्ति निरन्तर दोहोरिँदै आएको छ ।

सरकार परिवर्तनसँगै उच्च प्रशासनिक पदहरूमा व्यापक सरुवा र नियुक्ति, योग्यताको सट्टा निष्ठा र पहुँचका आधारमा निर्णय अनि सार्वजनिक संस्थाहरूमा राजनीतिक हस्तक्षेप बढ्नु सामान्य प्रचलन बन्यो । कतिपय अवस्थामा भ्रष्टाचारका आरोप लागेका व्यक्तिहरू माथि निष्पक्ष छानबिन अघि बढ्न नसक्नु वा राजनीतिक संरक्षणका कारण मुद्दा कमजोर बनाइने अवस्था पनि देखा पऱ्यो । राज्यका संवेदनशील निकायहरू जस्तै अनुसन्धान निकाय, सार्वजनिक संस्थानहरु र कूटनीतिक नियुक्तिहरूमा दलगत भागबन्डाको प्रभाव बढ्नु अर्को गम्भीर समस्या रह्यो । यस्ता अभ्यासहरूले संस्थागत स्वायत्तता कमजोर बनायो । संसद्भित्र नीतिनिर्माणभन्दा आरोपप्रत्यारोप र अवरोधको राजनीति बढी हुँदा नीति कार्यान्वयन प्रभावहीन बन्यो ।

स्थानीय तहदेखि केन्द्रसम्म, विकास योजनामा राजनीतिक पहुँचमा आधारित स्रोत वितरण, वास्तविक आवश्यकताभन्दा प्रभावको आधारमा प्राथमिकता निर्धारण र बजेट कार्यान्वयनमा पारदर्शिताको कमी देखिनु विगतका कमजोरीका स्पष्ट उदाहरण हुन् । यी सबै कारणहरूले शासन प्रणालीमा अस्थिरता मात्र ल्याएनन् जनतामा गहिरो निराशा र अविश्वास पनि सिर्जना गरे । लोकतन्त्रप्रति नै प्रश्न उठ्ने अवस्था सिर्जना भयो । जेन-जी आन्दोलनको पृष्ठभूमिमा जनताले पुराना अभ्यासलाई अस्वीकार गरी नयाँ सोच र व्यवहारको अपेक्षासहित वैकल्पिक शक्तिलाई अवसर दिएका हुन् ।

यहाँ विगतका राजनीतिक अभ्यासहरूले समाजमा विभाजन, अविश्वास र असन्तोषको गहिरो छाप छोडेका छन् । सत्ता परिवर्तनसँगै देखिने प्रतिशोधको प्रवृत्ति, राजनीतिक आरोपप्रत्यारोप र संस्थागत अविश्वासले समग्र शासन प्रणालीलाई कमजोर बनाएको छ ।

रास्वपाले सत्ता सञ्चालनका क्रममा मेलमिलाप र राष्ट्रिय सहमतिको नीति आत्मसात् गर्न सकेमा नयाँ राजनीतिक संस्कृतिको सुदृढ आधार तयार हुन सक्छ । यसको अर्थ विगतका कमजोरीहरूलाई बेवास्ता गर्नु होइन बरु तिनलाई निष्पक्ष रूपमा कानूनी प्रक्रियाभित्र राखेर समाधान गर्नु हो । दोषी माथि कारवाही पनि प्रतिशोधको भावनाबाट होइन न्याय र विधिको शासनका आधारमा हुनुपर्छ ।

सबै राजनीतिक शक्तिहरू बीच न्यूनतम राष्ट्रिय सहमति निर्माण गर्नु आजको आवश्यकता हो । संविधान संसोधन, सुशासन, विकास, कूटनीतिक सुधार र राष्ट्रिय हितजस्ता विषयहरूमा साझा दृष्टिकोण बनाउन सकेमात्र दीर्घकालीन स्थायित्व सम्भव हुन्छ । नेपाल विविधता, सहिष्णुता र सहअस्तित्वको आधारमा निर्मित समाज भएकाले विभाजनभन्दा एकता, आरोपभन्दा सहकार्य र प्रतिशोधभन्दा मेलमिलापलाई प्राथमिकता दिनु अत्यावश्यक छ ।

विगतमा भएका भ्रष्टाचार, बेथिति र शक्ति दुरुपयोगका घटनालाई बेवास्ता गर्नु न त न्यायोचित हुन्छ न त दीर्घकालीनरूपमा राष्ट्रहितमा । यस्ता मुद्दाहरूलाई प्रतिशोधको भावनाबाट अघि बढाउँदा भने न्याय प्रक्रिया प्रभावित हुन सक्छ । सबै विवादलाई विधि र कानूनको दायराभित्र निष्पक्ष, पारदर्शी र प्रमाणमा आधारित ढंगले सम्बोधन गर्नु आवश्यक छ । कसैलाई पनि कानूनभन्दा माथि नराख्नु, कसैप्रति पूर्वाग्रह नराख्नु नै कानूनी शासनको मूल मर्म हो । अनुसन्धान निकाय, अदालत र संवैधानिक संस्थाहरूले स्वतन्त्र एवं निष्पक्षरूपमा काम गर्न सक्नुपर्छ । यसले जनतामा न्यायप्रति विश्वास बलियो बनाउँछ ।

यस क्रममा राष्ट्रिय सहमति पनि महत्त्वपूर्ण हुन्छ । विगतका कमजोरी सुधार्न, सुशासनको आधार तयार गर्न र दीर्घकालीन नीतिनिर्माण गर्न एउटा दलमात्रको प्रयास पर्याप्त हुँदैन । न्याय प्रणाली, प्रशासनिक सुधार, भ्रष्टाचार नियन्त्रण र विकास प्राथमिकतामा प्रमुख राजनीतिक शक्तिहरू बीच न्यूनतम साझा समझदारी आवश्यक हुन्छ । राजनीतिक निर्णयहरू संकीर्ण दलगत स्वार्थबाट निर्देशित भए भने परिवर्तनको अपेक्षा अधुरो नै रहनेछ । रास्वपाको अगाडि सबैभन्दा ठूलो चुनौती सुशासन स्थापना गर्नु हो । जनताले दिएको बलियो जनादेशको वास्तविक मूल्य तबमात्र पुष्टि हुनेछ जब यसलाई प्रभावकारी शासन र परिणाममुखी कार्यमा रूपान्तरण गर्न सकिन्छ ।

सबैभन्दा पहिले, प्रशासनिक सुधार आवश्यक छ । दशकौँदेखि जडवत् बनेको कर्मचारीतन्त्रलाई दक्ष, पारदर्शी र उत्तरदायी बनाउनुपर्छ । यसका लागि योग्यताका आधारमा पदस्थापन गर्नुपर्ने, स्पष्ट कार्यसम्पादन मूल्याङ्कन गर्ने र सेवाप्रवाहमा ढिलासुस्ती हटाउने उपायहरू अवलम्बन गर्नुपर्छ ।

डिजिटल सुशासन अहिले अपरिहार्य छ । सरकारी सेवा प्रवाहलाई छिटो, सरल र पारदर्शी बनाउन प्रविधिको प्रयोग अनिवार्य हुन्छ । अनलाइन सेवा प्रणाली, डिजिटल अभिलेखीकरण र ई-गभर्नेन्सका माध्यमबाट भ्रष्टाचार घटाउने तथा नागरिकलाई सहज सेवा उपलब्ध गराउने अवसर सिर्जना गरिनुपर्छ ।

आर्थिक पारदर्शिता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । सार्वजनिक स्रोतको सदुपयोग सुनिश्चित गर्न खर्चमा स्पष्टता, नियमित अनुगमन र उत्तरदायित्व आवश्यक छ । बजेट निर्माणदेखि कार्यान्वयनसम्म पारदर्शिता र अनुशासन कायम नभएमा विकासको वास्तविक परिणाम जनतासम्म पुग्दैन । राजनीतिक परिवर्तनपछि सुस्त अर्थतन्त्र र निराश निजी क्षेत्रमा आशा जगाउनु आवश्यक छ । स्थिर सरकार, स्पष्ट नीति, प्रभावकारी कार्यान्वयन र निजी क्षेत्रसँगको सहकार्यले लगानी, उत्पादन र रोजगारी बढाएर अर्थतन्त्रमा ऊर्जा ल्याउनुपर्छ ।

कूटनीतिक सुधार पनि आवश्यक छ । नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई सुदृढ बनाउन योग्यता, अनुभव र राष्ट्रिय हितमा आधारित कूटनीतिक नियुक्ति गर्नुपर्छ । राजनीतिक हस्तक्षेप कम गरी व्यावसायिक र दक्ष कूटनीति अपनाउँदा मात्र देशको अन्तर्राष्ट्रिय छवि बलियो हुने र आर्थिक तथा रणनीतिक अवसरहरू विस्तार हुन्छन् । सुशासन कुनै एक क्षेत्रको सुधारमात्र होइन समग्र प्रणालीको रूपान्तरणसँग जोडिएको निरन्तर प्रक्रिया हो ।

रास्वपाले प्राप्त गरेको जनादेश अवसर मात्र नभएर नेतृत्वको क्षमता परीक्षण गर्ने गम्भीर क्षण पनि हो । जनताले दिएको विश्वासलाई ठोस उपलब्धिमा परिणत गर्नु अब नेतृत्वको मुख्य जिम्मेवारी बनेको छ । प्रतिशोधको राजनीतिबाट माथि उठेर मेलमिलाप, पारदर्शिता र सुशासनलाई प्राथमिकतामा राख्न सकियो भने नेपालले स्थायित्व, समृद्धि र परिपक्व लोकतन्त्रतर्फ उल्लेखनीय प्रगति गर्न सक्छ ।

अन्ततः सत्ताको दम्भ प्रदर्शन होइन जनसेवा, विभाजन होइन सहकार्य र नाराभन्दा बढी परिणाममुखी काम समयको माग हो । यही मार्गले मात्र जनताको विश्वासलाई दीर्घकालीन उपलब्धिमा रूपान्तरण गर्न सक्छ । १२खरी



# चिया, बिस्कुट : निम्तिन सक्छ गम्भीर समस्या !

धेरै मानिसहरूको दिनको शुरूआत नै चियाबाट हुन्छ । उनीहरू ताजा महशुस गर्न चिया पिउन जरुरी ठान्छन् । चियासँग बिस्कुट, पाउरोटी वा हल्का नास्ता खानु सामान्य बानी हो । तर, दैनिक रूपमा गरिने यो बानी स्वास्थ्यका लागि हानिकारक हुन सक्छ ।

चियासँग चिनी वा कार्बोहाइड्रेटयुक्त नास्ता खाँदा रगतमा चिनीको मात्रा एक्कासी बढ्न सक्छ । यसले पाचन प्रणालीमा पनि नकारात्मक असर पार्छ । यदि तपाईं पहिले नै मधुमेह वा ब्लड सुगरको समस्याबाट ग्रस्त हुनुहुन्छ भने, यो बानी झनै खतरनाक बन्न सक्छ ।

**चियासँग के-के नखानु राम्रो ?**

धेरै मानिसहरू बिहान चियासँग ब्रेड, बिस्कुट वा टी-केक जस्ता हल्का नास्ता खान्छन् । यी खानेकुरा सामान्य र हल्का देखिए पनि खाली पेट वा चियासँग (विशेषगरी चिनी हालिएको चिया) खाँदा रगतमा चिनीको मात्रा तीव्र रूपमा बढाउँछ । यस्ता खानेकुराहरूको ग्लाइसेमिक इन्डेक्स (जीआई) र ग्लाइसेमिक लोड (जीएल) उच्च हुन्छ, जसले दिनभर थकान, कमजोरी र चिनीको असन्तुलन निम्त्याउन सक्छ ।

**चियासँग यस्ता खानेकुरा खाँदा पाचनमा के असर पर्छ ?**

यी खानेकुराहरूमा रिफाइन कार्बोहाइड्रेट र चिनी हुन्छ, जसलाई पचाउन समय लाग्छ । जब यी कुराहरू चियासँग खाली पेट खाइन्छ, तब ती छिट्टै पचेर रक्तप्रवाहमा चिनी छाड्छन्, जसले पाचन प्रणालीमा असर गर्छ । यसमा भएको ट्रान्स फ्याट र चिनीले पाचन प्रक्रिया सुस्त बनाउँछ ।

यसले पेटमा भारीपन, ग्यास र अम्लता (एसिडिटी)को समस्या ल्याउन सक्छ । दीर्घकालीन रूपमा यस्ता खानेकुराको सेवनले ग्यास्ट्राइटिस वा अल्सरको जोखिम बढाउँछ ।

**बिहान उठ्ने बित्तिकै चिया पिउने बानी छ भने यी कुरामा ध्यान दिनुहोस् :**

**- खाली पेट चिया नपिउनुहोस्**

चियामा हुने क्याफिनले पेटमा एसिड उत्पादन गर्छ, जसले ग्यास र अम्लताको समस्या निम्त्याउँछ । त्यसैले चिया पिउनुअघि केही हल्का खानेकुरा खनुहोस् ।

**- चियामा चिनी कम राख्नुहोस्**

धेरै चिनीले रक्तचिनीको मात्रा बढाउँछ, जसले दिनभर थकान र कमजोरी ल्याउन सक्छ । चिनीको मात्रा घटाएर प्राकृतिक स्वीटनर (मह) प्रयोग गर्नुहोस् ।

**- हर्बल चियाको विकल्प रोज्नुहोस्**

ग्रीन टी, पुदिनाको चिया वा अदुवा-तुलसीको चिया पाचनका लागि लाभदायक हुन्छ ।

**- चियासँग गह्रौं नास्ताबाट बच्नुहोस्**

बिस्कुट, ब्रेड वा तेलिलो खानेकुरा चियासँग नखानुहोस् । यसको सट्टा बदाम, फलफूल वा ओट्स जस्ता स्वस्थ नास्ता रोज्नुहोस् ।

**- चिया पिउने बानी घटाउनुहोस्**

दिनभर धेरै चिया पिउनु स्वास्थ्यका लागि हानिकारक हुन सक्छ । दिनमा दुई-तीन कपभन्दा बढी चिया नपिउनुहोस् ताकि निन्द्रा, पाचन र सम्पूर्ण स्वास्थ्यमा असर नपरोस् ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको रमाइलो यात्रा हुनेछ, आज तपाईको मन हर्षित रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
मनमा उत्साह बढेर जानेछ, अधिक सफलता हुने समय आएको छ, मावली पक्षबाट शुभ समाचारको योग छ, खानपिनमा ध्यान दिनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउने छ, बोलिको भरमा अधुरा कामहरू फत्ते भएर जानेछन्, प्रशंसकहरू बढ्नेछन्, मन प्रसन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
लामो दुरीको रमाइलो यात्रा हुने योग छ, भाग्यले भरपुर साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
आजको दिन समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन खुशी भएर जानेछ, परिवारजनमा खुशियाली छाउनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाइँको आजको समय उत्तमसिद्धी रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
बोलिको प्रभावले आयआर्जनमा फाइदा पुग्नेछ, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय छ, खर्चले चिन्ता बढाउन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय छ, दाम्पत्य जीवन शुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
आज तपाईको काम बन्नेछ, व्यापार-व्यवसायमा फाइदाजनक दिन रहेको छ, साथीभाइसँग रमाइलो जमघट हुनाले खर्च बढ्ने छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
यथेष्ट धन लाभको योग छ, बोलीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग रहेको हुनाले मन प्रफुल्ल रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
तपाईको आजको दिन मध्यम छ, उपहार प्राप्त हुनेछ, पारिवारिक रमाइलो जमघट हुनेछ, स्वास्थ्यमा समस्या हुनसक्छ ।

**मिति २०८२/१२/१६ सोमबारको**
**सुनचाँदी मूल्य**



छापावाला
सुन प्रति तोला
रु. २८३,५००।-



चाँदी
प्रति तोला
रु. ४,७००।-

# सूर्योदयमा 'विद्यार्थीलाई कामको संसार चिनाउने' कार्यक्रम



**इलाम, चैत १६।** सूर्योदय नगरपालिकामा 'विद्यार्थीलाई कामको संसार चिनाउने' कार्यक्रम शुरुवात भएको छ ।

दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर)को सहकार्य तथा हेल्वेटास नेपालको प्राविधिक सहयोगमा कार्यक्रम शुरु गरिएको नगरपालिकाका कार्यवाहक नगरप्रमुख दुर्गाकुमार बरालले बताए ।

'विद्यार्थीलाई कामको संसारबारे जानकारी गराउने, उनीहरूलाई आफ्नो रुचि, क्षमता र सम्भावना अनुसार पेसा वा व्यवसाय छनोट गर्न प्रेरित गर्ने तथा व्यावहारिक ज्ञान प्रदान गर्ने लक्ष्य राखिएको छ' -उनले भने- 'विद्यार्थीलाई कामप्रतिको सम्मानको भावना विकास गराउनुका साथै भविष्यमा रोजगारीका लागि आवश्यक पर्ने व्यावहारिक तथा प्राविधिक सीपका बारेमा जानकारी गराउन कार्यक्रम आयोजना गरिएको हो ।'

नगरपालिकाभित्रका आठ विद्यालयका कक्षा ८, ९ र १० का विद्यार्थीका लागि कार्यक्रम भइरहेको छ । 'बौद्धधाम, कृष्णाश्रम, सिंहदेवी, फिक्कल, कर्फोक, जनक, सरस्वती र ज्योति माध्यमिक विद्यालयका विद्यार्थीलाई यो अभियानमा सहभागी गराइएको छ ।' -शिक्षा शाखा प्रमुख योगनिधि भट्टराईले भने- 'यस कार्यक्रमले विद्यार्थीलाई कामको संसार, विभिन्न पेसा तथा रोजगारीका अवसर, उद्योग तथा कम्पनीको कार्य प्रणाली लगायतका विषयमा व्यावहारिक जानकारी प्रदान गर्ने लक्ष्य छ ।'

कार्यक्रम अन्तर्गत विद्यार्थीलाई उद्योग तथा व्यवसायको भ्रमण, स्थानीय व्यवसायी तथा विज्ञहरूसँग अन्तर्क्रिया, प्रेरणादायी अनुभव आदानप्रदान, बायोडाटा लेखन, अन्तरवार्ता तयारी, प्रभावकारी सञ्चार सीप तथा उद्यमशीलता विकास सम्बन्धी विभिन्न गतिविधिमा सहभागी गराइने सामाजिक विकास समिति संयोजक डिकबहादुर बम्जनले बताए । यसबाट विद्यार्थीलाई विद्यालयमा प्राप्त हुने सैद्धान्तिक शिक्षासँगै व्यावहारिक अनुभव पनि प्राप्त हुने अपेक्षा गरिएको उनले बताए ।

सहयोगी संस्था इन्स्योरका प्राविधिक अधिकृत रिसु श्रीवास्तवाका अनुसार यस्तो कार्यक्रमले विद्यार्थीलाई आफ्नो रुचि, क्षमता र सम्भावना अनुसार भविष्यको करिअर निर्धारण गर्न सहयोग पुऱ्याउनेछ । साथै विद्यार्थीमा उद्यमशील सोचको विकास गर्दै रोजगारी सृजना गर्न सक्ने क्षमताको विकास गर्ने विश्वास गरिएको छ ।

विद्यालयस्तरमै विद्यार्थीहरूलाई कामको वास्तविक संसारसँग परिचित गराउने उद्देश्यले सञ्चालन गरिएको यस कार्यक्रमले विद्यार्थीको सोच, दृष्टिकोण तथा भविष्यप्रतिको तयारीमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको कर्फोक क्याम्पसका प्रमुख गोपाल कट्टेलले बताए ।

चौध वटा वडा रहेको पूर्वी पहाडकै ठूलो नगर सूर्योदयमा सामुदायिक, गुरुकुल र गुम्बा गरी ६६ विद्यालय छन् । नगरमा ३१ संस्थागत र गुठीबाट सञ्चालित एक विद्यालय छन् । नगरले आधारभूत तथा माध्यमिक शिक्षा ऐन-२०७६ तयार गरी लागू गरेको छ । 'नगरका सबै आधारभूत तहका सामुदायिक विद्यालयमा नेपाली र अङ्ग्रेजी माध्यममा पढाइ भइरहेको छ ।' -नगरपालिकाका प्रवक्ता ख्याम भुजेलले भने- 'सबै विद्यालयमा इन्टरनेट, कम्तीमा एउटा कम्प्युटर र प्रिन्टर व्यवस्था गरिएको छ । तर, कागज प्रयोग निरुत्साहित गरिँदै छ ।'

नगरले ल्याएको '१२ महिना-१२ कार्यक्रम'अनुसार हरेक महिना शिक्षक र विद्यार्थीका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिन्छ । स्थानीय पाठ्यपुस्तकका रूपमा 'हाम्रो सूर्योदय' अहिले कक्षा १ देखि ५ सम्म पढाइ भइरहेको छ । नगरले विद्यालयका लागि आर्थिक व्यवस्थापन कार्यविधि कार्यान्वयन गरेको छ भने विद्यालय कार्यसम्पादन निर्देशिकासमेत लागू गरिएको भुजेलको भनाइ छ ।

गणितको नतिजा सुधार्न नगरले 'गणितसँग खेलौं, गणितीय धारणा बनाऔं' अवधारणासहित छुट्टै अभ्यास पुस्तिका समेत वितरण गरेको छ । विज्ञान र गणित एकीकृत रूपमा शिक्षण गर्न माध्यमिक विद्यालयमा विज्ञान र आधारभूतमा गणित प्रयोगशाला स्थापना गरिएको छ ।

गरीब तथा जेहेन्दार बुहारी र छोरीहरूलाई नगरले स्नातक तहमा छात्रवृत्ति दिएको छ । नगरका २४ सामुदायिक विद्यालयमा ई-हाजिरी जडान भई नगरबाटै अनुगमनको व्यवस्था मिलाइएको छ । अभिभावकलाई समेत परिचयपत्र व्यवस्था गरिएको छ । वर्षमा कम्तीमा चार पटक विद्यालय गएर पठनपाठन र शैक्षिक अवस्थाबारे अभिभावकले पनि अन्तर्क्रिया गर्ने गरेका छन् । धुलोरहित कक्षाकोठा, बालमैत्री र अपाङ्गमैत्री संरचना निर्माण भइरहेको छ भने शिक्षक-कर्मचारीलाई श्रम ऐन अनुसार सुविधा उपलब्ध गराउन नगरले प्रोत्साहन रकम नै थपेको छ ।

विद्यालयमा बालबालिका टिकाउन र बचत गर्ने बानी विकास गर्न बैंकमा कक्षा १ देखि ५ सम्मका बालबालिकाको बचत खाता खोलिएको छ । नगरले समेत थपिदिने बचत रकमले बालबालिकालाई उच्च शिक्षा अध्ययनका लागि सहयोग पुऱ्याउने लक्ष्य राखिएको नगर कार्यपालिका सदस्य लत्ता अधिकारीले बताइन् ।

## चिरान काठसहित पिकअप, चालक र सहचालक पक्राउ



□ **विमल दहाल**

**इलाम, चैत १६।** इलामको माई नगरपालिकामा अवैध चिरान काठसहित पिकअपसहित चालक र सहचालक पक्राउ परेका छन् ।

माई नगरपालिका वडा नं. ६ पलाँसेबाट लारुम्बा हुँदै झापा दमक लाने क्रममा पँलासे-लारुम्बा सडकबाट ६८ थानको ६१ दशमलव सात क्युबिक फिट चिरान काठसहित पिकअप, चालक र सहचालकलाई प्रहरीले नियन्त्रणमा लिएको लोदिया प्रहरी चौकी दानाबारीका इन्चार्ज विजय राईले जानकारी दिए ।

प्रदेश १-०१-००१-१६ च ६५४१ नम्बरको पिकअपमा अवैध सखुवा चिरान काठ लुकाइ-छिपाइ लगिँदै गरेको सूचनाको आधारमा प्रहरी चौकी लोदियाबाट प्रहरी नायव निरीक्षक बिजयकुमार राईको नेतृत्वमा खटिएको प्रहरी गस्तीले काठसहित पिकअप नियन्त्रणमा लिएर माई सवडिभिजन वन कार्यालय सुखानीमा बुझाएको छ ।

पिकअप चालक माङसेबुङ गाँउपालिका वडा नम्बर ४ बस्ने वर्ष २९ को मनिष श्रेष्ठ र सोही स्थान बस्ने सह-चालक वर्ष २६ सञ्जय राईलाई नियन्त्रणमा लिएको प्रहरी इन्चार्ज राईले जानकारी दिए ।

## चन्द्रगढी महिला गोल्डकप हुँदै

**झापा, चैत १६।** भद्रपुरस्थित मेची रङ्गशालामा चन्द्रगढी महिला गोल्डकप आगामी बैशाख ५ गतेदेखि १४ गतेसम्म हुने भएको छ ।

प्रतियोगिताको विजेताले ११ लाख रुपैयाँ राशिको पुरस्कार प्राप्त गर्ने छन् । चन्द्रगढी युवा क्लवको आयोजनामा हुने प्रतियोगितामा १० टिमको सहभागिता रहने क्लवका अध्यक्ष रोहित सुब्बाले जानकारी दिए ।

नेपालका तीन विभागीय एपिएफ फुटबल क्लव, नेपाल पुलिस फुटबल क्लव, त्रिभुवन आर्मी फुटबल क्लव, ए डिभिजन क्लव चर्च ब्वाइज युनाइटेड, सङ्कटा फुटबल र आयोजकको एक टिम रहने छ ।

त्यस्तै, भारत, भुटानका एकएक क्लवले प्रतियोगितामा सहभागिता जनाउने टुङ्गो लागेको क्लबका अध्यक्ष सुब्बाले बताए । नेपाली टिमको हकमा एक टिममा चार जनासम्म विदेशी खेलाडी दर्ता गराउन पाउने र एक समय तीन जना खेलाउन पाइने नियम रहेको उनले बताए ।


### शिवगञ्ज बहुमुखी क्याम्पस
शिवसताक्षी, नगरपालिका, झापा

### सवारीसाधन खरिद गर्ने सम्बन्धमा दररेट आह्वानको सूचना

**दोस्रो पटक प्रकाशन मिति २०८२/१२/१७**

१) यस शिवगञ्ज बहुमुखी क्याम्पसलाई आवश्यक पर्ने ११ देखि १७ सिटे गाडी सेकेण्ड हेण्ड खरिद गर्नुपर्ने भएकोले सप्लाइ गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्था/व्यक्तिले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दररेट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।
२) सवारी साधनको मूल्य रु.८,०००००/- अक्षरेपी रु. आठ लाखभन्दा बढी कबोल गर्न पाइने छैन ।
३) यो सूचना प्रकाशित भएको मितिदेखि ७औं दिनको कार्यालय समयसम्ममा यस कार्यालयमा फर्म संस्था भए अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, अद्यावधिक फर्म दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाणपत्र व्यक्तिको हकमा व्यक्तिगत निवेदनसहित दररेट पेश गर्नुपर्नेछ ।
४. दररेट पेश गर्दा आफूले सप्लाइ गर्न चाहेको गाडीको लागि छुट्टाछुट्टै दररेट खाममा खुलाइ छुट्टाछुट्टै पेश गर्नुपर्नेछ, एउटै खामभित्र एकभन्दा बढि दररेट राखी पेश गर्न पाइने छैन ।
५) दोस्रो पटक सूचना प्रकाशित भएको मितिदेखि ७औं दिनको १०:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।
६) दर्ता हुन आएका सिलबन्दी दररेट फारमहरु यस कार्यालयमा दररेट दाखिला गर्ने अन्तिम दिन बिहान ११:०० बजे दररेट दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । तर, निजहरुको अनुपस्थितिमा पनि दररेट पत्र खोल्न बाधा पर्ने छैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।
७) प्राप्त दररेटहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालमया सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका दररेट उपर कुनै कारवाही गरिने छैन ।
८) अन्य कार्यविधिहरु सार्वजनकि खिरद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवम. नेपाल सकाररका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।
९) सेकण्ड हेण्ड सवारीसाधन चालू अवस्थामा भएको हुनुपर्नेछ । सवारीसाधनको ब्लू बुक नवीकरण भएको, तेस्रो पक्ष बिमा अनिवार्य भएको हुनुपर्नेछ ।

**यातायात व्यवस्था उप-समिति**
**सदस्य सचिव**


## मोटरसाइकल दुर्घटनामा मृत्यु

**सुनसरी, चैत १६।** सुनसरी इटहरी उपमहानगरपालिका-१३ काली मन्दिर नजिक मोटरसाइकल दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा दुहबी नगरपालिका-९ का २२ वर्षीय विपीन चौधरी रहेको सुनसरीका प्रहरी नायव उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिए । प्र१-०२-०४८प ७९३८ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा पछाडि सवार विपीन गम्भीर घाइते भएका थिए । घाइतेको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक दुहबी-९ का २२ वर्षीय विप्लव चौधरी सामान्य घाइते भएका छन् । उनको उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । तीव्रगतिका कारण दुर्घटना भएको र घटनाका विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


**SUNMAI SPRING**
'थोपा-थोपामा जीवन छ'
HACCP | ISO 9001:2015 | स्वदेशी हाम्रो सामान, हाम्रै स्वाभिमान
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई** सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

DRISHTI Eye Care System — TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाबिन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

UNited International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**कलर दोकानको रंगिन बहार**
यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं । साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस् ।
**कलर दोकान**
बिर्तामोड नगरपालिका-४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैँसम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या | बाथ
मुदु सम्बन्धी समस्या | थाईराईड
राति निद्रा नलाग्ने | रक्तचाप
छाती दुख्ने | मधुमेह
फोक्सो सम्बन्धी समस्या
डाक्टर आउने समय : बिहान ११:00 बजेदेखि ५:00 बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईको सेवामा !
हाम्रो स्थानहरूः बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**उक्त सबै रोगहरूको तत्काल उपचार**
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ ।
पेटका रोगहरुः ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि ।
**तारा होमियो फार्मेसी**
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
**देवराज गिरी**
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


## सूचना ! सूचना !! सूचना !!!!

झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं. ५ त्रिवेणी टोल बस्ने भारतीय आर्मी नम्बर ५८४९४४६ पी हवल्दार हरिप्रसाद दाहाल २।९ गोर्खा राइफलको श्री भक्तबहादुर दाहालको नाति श्री दलबहादुर दाहालको छोरा भारतीय सैनिक पेन्सनर हरि प्रसादको एकमात्र श्रीमती तत्काल ताप्लेजुङ्ग जिल्ला सिकैंचा गाविस-५ (हाल श्री जङ्घा गा.पा.-३ सिकैंचा) बस्ने श्री चन्द्रबहादुर बस्नेतको नातिनी श्री टीकाराम बस्नेतको छोरी बिनु दाहाल (बस्नेत)को नाम श्रीमानको भारतीय दस्तावेजमा श्रीमती बिनु दाहाल देखिएको हुँदा अब उप्रान्त नेपाली नागरिकता बमोजिम नै श्रीमती बिनु दाहाल (बस्नेत) कायम गर्नको निम्ति सर्वसाधारणमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## सूचना ! सूचना !! सूचना !!!!

झापा जिल्ला मेचीनगरपालिका बर्मेली टोल काँकरभिट्टा वडा नं. ६ बस्ने भारतीय आर्मी नं. जे.सी. ६०७३८३ एक्स सु.मे. अनेरेरी क्याप्टेन मदन कुमार मगर नेपाली नागरिकतामा तुलसी प्रसाद पौडेल एउटै व्यक्ति हुन भनि सिफारिस प्रमाणित भएकाले ३/३ गोर्खा राइफल श्री हरि प्रसाद पौडेलको नाति श्री कृष्ण प्रसाद पौडेलको छोरा भारतीय सैनिक पेन्सनर तुलसी प्रसाद पौडेलको एकमात्र श्रीमती जिल्ला मोरङ दरवेसा वडा नं. ९ मा जन्म भई जन्म मिति २०२२।१०।०६ भएकी झापा जिल्ला प्रशासनबाट ३०७९।१०।०३ मा नागरिकता लिनुभएकी देवी कुमारी बस्नेत श्री शिवबहादुर बस्नेतको नातिनी श्री नारदबहादुर बस्नेतको छोरी भारतीय सेनाको श्रीमान अभिलेखमा श्रीमतीको नाम दुर्गाकुमारी र जन्ममिति इ.स. १९६८।०१।१५ उल्लेख भएको र देवी कुमारी बस्नेत नेपाली नागरिकता बमोजिम नै श्रीमती देवीकुमारी बस्नेत कायम गर्न सर्वसाधारणमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

